जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक १५५ • २०८२ चैत्र १३ गते शुक्रवार • 27 Mar. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## रामनवमीको अवसरमा आयोजना गरिने शोभायात्रा, बाइक र्‍याली तथा सार्वजनिक प्रदर्शन नगर्न निर्देशन

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १२ चैत्र




जिल्ला प्रशासन कार्यालय धनुषाले रामनवमीको अवसरमा आयोजना गरिने शोभायात्रा, बाइक र्‍याली तथा सार्वजनिक प्रदर्शन नगर्न निर्देशन दिएपछि धार्मिक तथा सामाजिक संघसंस्थाहरूले त्यसप्रति आपत्ति जनाएका छन् ।

जिल्ला प्रशासन कार्यालय धनुषाद्वारा जारी पत्रअनुसार जिल्ला सुरक्षा समितिको बैठकले हालको अवस्थालाई मध्यनजर गर्दै कुनै पनि संघसंस्था वा निकायलाई सभा, जुलुस, र्‍याली र प्रदर्शन गर्न अनुमति दिन उपयुक्त नहुने निष्कर्ष निकालेको हो । सोही निर्णयका आधारमा प्रशासनले चैत १३ गते पर्ने रामनवमीका दिन शोभायात्रा तथा बाइक र्‍याली जस्ता कार्यक्रम नगर्न/नगराउन निर्देशन दिएको जनाएको छ ।

यता, राष्ट्रिय एकता दल धनुषाले प्रशासनको उक्त निर्णयप्रति आपत्ति जनाउँदै अस्वीकार गर्ने घोषणा गरेको छ। दलका प्रदेश इन्चार्ज मनिष पुर्वेले जारी गरेको प्रेस विज्ञप्तिमा नेपालको संविधानले दिएको धार्मिक स्वतन्त्रताको अधिकारमाथि हस्तक्षेप भएको भन्दै यस्तो निर्णय असंवैधानिक र पक्षपातपूर्ण भएको उल्लेख गरिएको छ । विज्ञप्तिमा रामनवमीको शोभायात्रा तथा धार्मिक कार्यक्रमहरू शान्तिपूर्ण रूपमा आयोजना गरिने स्पष्ट पार्दै प्रशासनको निर्णयले धार्मिक अधिकार खोस्न नसक्ने चेतावनी दिइएको छ । साथै, कार्यक्रम सञ्चालनमा अवरोध भए त्यसको सम्पूर्ण जिम्मेवारी प्रशासनले लिनुपर्ने उल्लेख गरिएको छ । यसअघि राष्ट्रिय एकता दलले जनकपुरधाम-२३ बिन्धीबाट सुरु हुने शोभायात्रा नगर परिक्रमा गर्दै जानकी मन्दिर परिसरमा समापन गर्ने कार्यक्रमका लागि प्रशासनसँग सुरक्षा व्यवस्था मिलाइदिन अनुरोध गरेको थियो। त्यस्तै, हिन्दू सम्राट नेपाल धनुषा जिल्ला कार्य समितिले पनि छुट्टै निवेदनमार्फत लक्ष्मीनिया क्षेत्रबाट सुरु हुने शोभायात्राका लागि अनुमति र सुरक्षा व्यवस्थापन माग गरेको थियो । उक्त संगठनले विभिन्न स्थान हुँदै जानकी मन्दिरसम्म पुग्ने रुट तय गरिएको जानकारी गराएको थियो ।

## एसइई-२०८२ लाई मर्यादित बनाउन अभिमुखिकरण

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १२ चैत्र



माध्यमिक शिक्षा परीक्षा (एसइई) सञ्चालन तथा व्यवस्थापन सम्बन्धी जिल्ला परीक्षा समन्वय समितिका पदाधिकारी र सरोकारबालाहरुको प्रदेशस्तरीय अभिमुखिकरण कार्यक्रम बिहीबार जनकपुरधाममा सम्पन्न भएको छ। शिक्षा विकास निर्देशनालयले आयोजना गरेको अभिमुखिकरण कार्यक्रममा यही चैत १९ गतेदेखि हुन लागेको एसइई परीक्षालाई मर्यादित र व्यवस्थित गर्ने बारे चर्चा गरिएको थियो। सो अवसरमा शिक्षा विकास निर्देशनालयका निर्देशक महेन्द्र महतोले एसइई परीक्षा २०८२ संचालन तथा व्यवस्थापन: हालको अवस्था र हाम्रो भावी योजना बारे एक प्रस्तुतिकरण गरेका थिए ।

शिक्षा विकास तथा समन्वय इकाईका प्रमुखहरुसित एसइई परीक्षा मर्यादित र व्यवस्थित रुपमा संचालन गर्न सुझाव समेत संकलन गरिएको छ। शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न सरोकार भएका निकायका प्रतिनिधि, शिक्षक, परीक्षा व्यवस्थापनमा संलग्न प्रतिनिधि तथा सम्बन्धित निकायका अधिकारीहरूको सहभागिता रहेको थियो । शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि गर्दै विद्यार्थीमैत्री र व्यवस्थित परीक्षा प्रणाली विकास गर्ने प्रदेश सरकारको प्राथमिकतामा रहेको औंल्याउँदै निर्देशक महतोले शिक्षाको गुणस्तर सुधार र परीक्षालाई अझ व्यवस्थित बनाउँदै लैजानुपर्ने आजको आवश्यक्ता रहेको बताए । सूचना, सञ्चार तथा प्रविधिमा आएको परिवर्तनलाई आत्मसात गर्दै परीक्षा प्रणालीलाई अझ व्यवस्थित र अन्तराष्ट्रियस्तरको बनाउन निरन्तर मेहनत गर्नुपर्ने उल्लेख गरे । उनले पारदर्शी, व्यावहारिक र व्यवस्थित व्यवस्थापनबाट परीक्षा प्रणालीमा सुधार ल्याउन सकिने धारणा राखे । शिक्षा तथा संस्कृति मन्त्रालयका निमित्त सचिव दिलिप ठाकुरको अध्यक्षतामा भएको अभिमुखिकरण कार्यक्रममा मन्त्री रानी तिवारीले एसइई परीक्षालाई प्रविधिमैत्री ढङ्गले व्यवस्थित गर्नतर्फ विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याइन ।

## सुख्खा मौसम सुरु भएसँगै मधेश प्रदेशमा खानेपानी संकटको सम्भावना बढ्दै

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १२ चैत्र



सुख्खा मौसम सुरु भएसँगै मधेश प्रदेशमा खानेपानी संकटको सम्भावना बढ्दै गएको भन्दै विज्ञहरूले भूमिगत जल संरक्षण र व्यवस्थापनमा तीनै तहका सरकारबीच समन्वय आवश्यक रहेको बताएका छन् ।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय मधेश प्रदेशको आयोजना तथा वाटर एड, युनिसेफलगायत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहकार्यमा जनकपुरधाममा आयोजित १४औं राष्ट्रिय भूमिगत जल सम्मेलनमा सहभागी विज्ञहरूले यस्तो धारणा राखेका हुन् । विज्ञहरूका अनुसार मधेशमा करिब ८ अर्ब घनमिटर भूमिगत पानी भए पनि यसको पुनर्भरणमा पर्याप्त ध्यान नदिँदा भविष्यमा संकट गहिरिने जोखिम छ । उनीहरूले वर्षा र नदीको पानी संकलनका लागि चुरे क्षेत्रदेखि नै साना बाँध, पोखरी तथा जलाशय निर्माण गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा बोल्दै ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री जवाहर कुशवाहाले विगत केही वर्षयता सुख्खा याममा देखिँदै आएको खानेपानी समस्या समाधानका लागि अधुरा योजनाहरू समयमै सम्पन्न गर्नुपर्ने बताए । उनका अनुसार प्रदेशभर साना-ठूला गरी करिब ४४८ खानेपानी आयोजना अधुरा रहेका छन्। त्यसलाई न्यून लगानीमै सञ्चालनमा ल्याउन सकिने भन्दै स्वामित्वसम्बन्धी विवाद समाधान गर्न आवश्यक रहेको उल्लेख गरे । पूर्वमन्त्री तथा वातावरणविद् गणेश साहले मधेशमा आगामी दिनमा पानीको संकट अझ गहिरिन सक्ने चेतावनी दिँदै पोखरी तथा जलाशयलाई ‘सौन्दर्यीकरण’का नाममा पक्की बनाउने कार्य रोक्न आग्रह गरे। उनले प्राकृतिक स्वरूप जोगाएर पानी र माटोको सम्बन्ध कायम राख्नुपर्ने बताए । त्यसैगरी, नीति तथा योजना आयोग मधेश प्रदेशका उपाध्यक्ष राजकुमार सिंहले १ सयदेखि २ सय फिट गहिराइका चापाकलहरू सुक्दै गए पनि ४५० देखि ६०० फिटमा अझै पानी उपलब्ध रहेको जानकारी दिँदै दीर्घकालीन समाधानका लागि स्रोत संरक्षणमा ध्यान दिनुपर्ने बताए ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence






# भ्रष्टाचारमुक्त नेपालको सपना

डिजिटल प्रमाणका आधारमा हप्ता दिनभित्रै मुद्दाको फैसला हुने गरी कानुनी संयन्त्र तयार गर्नुपर्ने आवश्यक रहेको देखिन्छ ।

यदि पहिलो एक सय दिनमै कानुनी सुधार, राष्ट्रिय परिचयपत्र प्रणाली एकीकरण र भुक्तानी प्रणाली सुरु गरियो भने ६ महिनाभित्र प्रमुख सेवा डिजिटल गर्न सकिन्छ र एक वर्षभित्र ८० प्रतिशत सरकारी सेवा अनलाइन ल्याउन सम्भव हुने देखिन्छ । यसको परिणामस्वरूप भ्रष्टाचारमा ५०-७० प्रतिशत कमी, सेवा प्रवाहमा द्रुतता, राजस्व चुहावट नियन्त्रण र नागरिक सन्तुष्टिमा उल्लेखनीय वृद्धि हुने देखिन्छ । अन्ततः, नेपाललाई पूर्ण रूपमा 'प्रविधि आधारित सरकार' बनाउने अवसर अहिले नै छ ।

यसको लागि स्पष्ट राजनीतिक इच्छाशक्ति, कानुनी सुधार, प्रविधिमा लगानी र कडा कार्यान्वयन आवश्यक रहेको देखिन्छ। 'प्रत्यक्ष भेटघाट नहुने बारबार भ्रष्टाचार नहुने' भन्ने मूल सिद्धान्तलाई व्यवहारमा उतार्न सकेमा, एक वर्षभित्रै नेपालले भ्रष्टाचार नियन्त्रणतर्फ ऐतिहासिक उपलब्धि हासिल गर्न सक्ने देखिन्छ ।

नेपाल अहिले एउटा ऐतिहासिक मोडमा रहेको देखिन्छ । स्पष्ट राजनीतिक इच्छाशक्ति र सूचना प्रविधिको सही प्रयोगबाट हामी 'तजबिजी अधिकार'को शासनबाट 'डिजिटल स्पष्टता'को शासनतर्फ जान सक्छौं । भ्रष्टाचारमुक्त नेपाल एउटा सपनामात्र होइन, यो कार्यान्वयनको प्रतीक्षामा रहेको एउटा स्पष्ट कार्ययोजना रहेको देखिन्छ। यो खाका तत्काल कार्यान्वयनका लागि तयार पारिएको छ। प्रविधि हामीसँग उपलब्ध छ; अब केवल कार्यान्वयन गर्ने साहसको खाँचो रहेको देखिन्छ ।

# 'चिठ्ठी बेचबिखन' र अनियमितता विरुद्ध युवाहरूद्वारा कडा चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १३ चैत्र**



मधेश प्रदेशमा विकास योजनाहरूको कार्यान्वयन प्रक्रियामा हुने कथित 'चिठ्ठी बेचबिखन' र अनियमितताविरुद्ध युवाहरूले कडा चेतावनी दिएका छन् । सचेत युवाहरूको समूहले सार्वजनिक अपिल जारी गर्दै यस वर्ष कुनै पनि हालतमा योजनाको नाममा हुने आर्थिक चलखेल स्वीकार्य नहुने चेतावनी दिएका छन् । युवाहरूले मुख्यमन्त्रीदेखि मन्त्री, कर्मचारी र स्वकीय सचिवसम्मको संलग्नतामा यदि पैसा उठाएर योजना वितरण गरिएको प्रमाण फेला परेमा त्यसविरुद्ध कडा प्रतिवाद गरिने चेतावनी दिएका हुन् । उनीहरूले यस्तो कार्यलाई सीधै भ्रष्टाचारको रूपमा परिभाषित गर्दै दोषी जोसुकै भए पनि भौतिक कारबाहीसहित कानुनी प्रक्रियामा लैजान आफूहरू तयार रहेको चेतावनी दिए ।

सार्वजनिक सूचना मार्फत युवाहरूले भनेका छन्, 'हामी अब मौन बस्ने अवस्थामा छैनौं। जनताको करबाट आउने बजेटलाई व्यक्तिगत स्वार्थमा प्रयोग गर्ने प्रवृत्ति अब सहन सकिँदैन। यदि कुनै पनि तहमा रकम लिएर योजना बाँडफाँट भएको पाइयो भने त्यसको प्रतिकार सशक्त रूपमा गरिनेछ ।' उनीहरूले विगतका वर्षहरूमा योजनाको पारदर्शितामा प्रश्न उठ्दै आएको स्मरण गराउँदै यसपटक त्यसलाई रोक्न युवाहरू नै अग्रमोर्चामा उत्रिने बताएका छन् । 'हामी सचेत युवा हौं, अन्याय र भ्रष्टाचारविरुद्ध डटेर उभिनेछौं,' सूचनामा उल्लेख छ । युवाहरूले मधेश प्रदेशलाई समस्याको रूपमा चित्रण गर्ने प्रवृत्तिप्रति पनि असन्तुष्टि जनाएका छन्। उनीहरूले मधेशलाई शक्ति र सम्भावनाको केन्द्रका रूपमा प्रस्तुत गर्दै विकास र सुशासनको दिशामा अघि बढ्न सबैलाई आह्वान गरे । स्थानीय तहदेखि प्रदेश सरकारसम्म योजना छनोट र कार्यान्वयनमा पारदर्शिता, उत्तरदायित्व र जनसहभागिता सुनिश्चित गर्नुपर्ने माग गर्दै युवाहरूले सम्बन्धित निकायलाई सचेत गराएका छन् ।




अनुरोधकर्ता
गौशाला नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# एक व्यवसायी तीन दिनदेखि रहस्यमय रूपमा बेपत्ता




**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १३ चैत्र**

सिरहाको गोलबजारका एक व्यवसायी तीन दिनदेखि रहस्यमय रूपमा बेपत्ता भएका छन् । गोलबजार नगरपालिका-४ निवासी रामनारायण साह मंगलबार बिहान घरबाट लहान जान्छु भन्दै निस्किएपछि सम्पर्कविहीन बनेका हुन् ।

परिवारका अनुसार घरबाट निस्किएपछि करिब दिउँसो १ बजे उनले छोरीलाई फोन गरी मोबाइलमा एक सय रुपैयाँ रिचार्ज हाल्न आग्रह गरेका थिए । त्यसको केही समयपछि उनको मोबाइल बन्द भएको र त्यसयता कुनै सम्पर्क नभएको बताइएको छ ।

साह गोलबजारस्थित जेम्स स्कुलका संस्थापक तथा प्रिन्सिपल हुनुका साथै 'नेहा मनी ट्रान्सफर'का सञ्चालक समेत हुन् । नियमित रूपमा मोटरसाइकल प्रयोग गर्ने उनी सो दिन भने बसमार्फत लहानतर्फ गएको जानकारी परिवारले दिएको छ । घटनाबारे इलाका प्रहरी कार्यालय गोलबजारमा उनकी जेठी छोरी नेहाकुमारी साहले खोजतलासका लागि निवेदन दिएकी छन् । प्रहरी निरीक्षक सुदन केसीका अनुसार निवेदन प्राप्त भएसँगै खोजी कार्य तीव्र पारिएको छ ।

## तपाईंको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: मित्रतामा फाटो आउने
मिथुन: अशुभ समाचार प्राप्त हुने
कर्कट: मनमा पछुतो आउने
सिंह: अनावश्यक चिन्ता
कन्या: खानपानमा समस्या आउने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: आम्दानी हुने
धनु: लामो यात्राको योग छ
मकर: पिछडेको साथी मिल्ने
कुम्भ: अनावश्यक खर्चको संभावना
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनवाञ्छित फल पाऔं ।



आरती : बिहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको बिचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# छ हप्ताभित्रै इरानसँगको युद्ध अन्त्य हुने ट्रम्पको दाबी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ चैत्र**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग जारी सैन्य द्वन्द्वलाई लामो समयसम्म नलम्ब्याउने र आगामी केही हप्ताभित्रै यसको समाधान निकाल्ने स्पष्ट सङ्केत दिएका छन् ।

वाल स्ट्रिट जर्नलको एक ताजा प्रतिवेदनअनुसार राष्ट्रपति ट्रम्पले आफ्ना सल्लाहकारहरूलाई निजी रूपमा यो द्वन्द्व 'अन्तिम चरण' मा पुगेको बताउँदै ४ देखि ६ हप्ताको समयसीमाभित्रै यसलाई टुङ्ग्याउन निर्देशन दिएका छन् ।

यो प्रस्तावित समयसीमा मे महिनाको मध्य (जेठको पहिलो हप्ता) तिर बेइजिङमा हुने तय भएको चीनका राष्ट्रपति सी चिनपिङसँगको ऐतिहासिक शिखर वार्ताअघि नै पर्ने देखिन्छ। ह्वाइट हाउसले बुधवार मात्रै राष्ट्रपति ट्रम्प र सी चिनपिङबीच आगामी मे १४ र १५ का लागि शिखर भेटवार्ता तय भएको पुष्टि गरेको छ । बुधवार आयोजित एनआरसिसी को वार्षिक कोष सङ्कलन कार्यक्रममा बोल्दै ट्रम्पले आफूले विगतमा आठ वटा युद्धहरू समाधान गरिसकेको दाबी गर्दै इरानको सन्दर्भमा पनि सोही उपलब्धि दोहोरिने विश्वास व्यक्त गरे। "उनीहरू (इरान) सम्झौताका लागि निकै भोका छन्, तर आफ्नै मान्छेबाट मारिने डरले सार्वजनिक रूपमा स्वीकार गर्न डराइरहेका छन्," ट्रम्पले भने। उनले इरानसँग 'फलदायी' वार्ता भइरहेको र उनीहरूका कुराहरू 'तर्कसङ्गत' रहेको समेत उल्लेख गरे ।

ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेभिटले इरानले वार्ताको सङ्केत देखाएपछि अमेरिकाले केही प्रस्तावित सैन्य आक्रमणहरू स्थगित गरेको जानकारी दिइन् ।

यद्यपि उनले इरानलाई कडा चेतावनी दिँदै भनिन्, "राष्ट्रपति ट्रम्पले ठट्टा गर्नुभएको होइन, यदि इरानले आफ्नो पराजय स्वीकार गरेन भने अमेरिका 'नर्क निम्त्याउन' तयार छ ।"

लेभिटका अनुसार पछिल्ला आक्रमणहरूमा इरानले आफ्नो उच्च सैन्य नेतृत्व, नौसेना र हवाई प्रतिरक्षा प्रणालीमा अपूरणीय क्षति व्यहोरेको छ । अमेरिकी दाबीको विपरित इरानले भने वार्ताको कुरालाई प्रचारबाजीको संज्ञा दिएको छ ।

# दिगो कृषि परियोजनाको सार्वजनिक सुनुवाई सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १२ चैत्र**



दिगो कृषि परियोजना (स्थानीय सरकारद्वारा संचालित कृषि कार्यक्रम) सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम बिहीबार धनुषाको जनकनन्दनी गाउँपालिकामा सम्पन्न भएको छ ।बीएमजेड/डब्लुएचएचको सहयोगमा आसमान नेपाल, जानकी महिला जागरण समाज, प्याक नेपालले जनकनन्दनी गाउँपालिकासहित धनुषाको तीन पालिकामा सो परियोजना संचालन गरिरहेको छ । जनकनन्दनी गाउँपालिकाका उपाध्यक्ष कमला सहगलको अध्यक्षतामा भएको सार्वजनिक सुनुवाई कार्यक्रममा किसानहरुले खेती गर्ने क्रममा देखिएको समस्या र समाधानबारे जिज्ञासा राखेका थिए । जनकनन्दनी गाउँपलिकाको वडा नं. १, ३ र ६ मा संचालन गरिएको उक्त परियोजना अन्तर्गत गठन गरिएको कृषक समूहहरुमा एक हजार एक सय २३ जना महिलासहित एक हजार तीन सय ७५ जना किसानहरु आवद्ध रहेको परियोजना संयोजक बिजयकुमार यादवले जानकारी दिए । परियोजनाबारे जानकारी दिदै संयोजक यादवले २०२४ नोभेम्बर महिनादेखि संचालनमा आएको दिगो कृषि परियोजनाबाट तीन हजार सिमान्तकृत घरधुरी लाभान्वित भएको बताए । जनकनन्दनीसहित गणेशमान चारनाथ नगरपालिका र शहीदनगर नगरपालिकामा सो परियोजना संचालनमा रहेको छ ।किसानहरुले परियोजना अन्तर्गत वितरण गरिएको सामग्रीको उपयोगिता र त्यसको उपलब्धीबारे जानकारी लिन नियमित रुपमा अनुगमन गर्नुपर्ने धारणा राखेका थिए। यसले किसानहरुलाई पनि सचेत बनाउने भएकाले यसतर्फ सहयोगी संस्थाको ध्यानाकार्षण गराइएको थियो । सो अवसरमा उपाध्यक्ष सहगलले कृषि क्षेत्रको विकासका लागि स्थानीय तहले उपलब्ध श्रोतसाधन अनुसारको योजनाहरु ल्याएको जानकारी दिइन् । कृषि क्षेत्रको विकासका लागि आगामी दिनमा थप योजनाहरु ल्याउने प्रतिबद्धता जनाउँदै उनले कस्ता खालका योजनाहरु ल्याउँनुपर्ने भने सुझाव किसानबाट मागिन् ।सार्वजनिक सुनुवाई कार्यक्रममा जनप्रतिनिधिसहित किसान, पालिकाका शाखा प्रमुख लगायतको उपस्थिति रहेको थियो ।

# फरक भूमिकामा छाएका शंकर, बागमतीविरुद्ध 'म्याच विनिङ' शतक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ चैत्र**



पीएम कप २०२६ को पहिलो खेलमा त्रिभुवन आर्मी क्लबसँग पराजित भएपछि नेपाल पुलिस क्लबले लगातार दोस्रो जित हासिल गर्ने क्रममा बिहीबार बागमती प्रदेशलाई पराजित गरेको छ । माथिल्लो मुलपानी क्रिकेट मैदानमा भएको खेलमा नेपाल पुलिस क्लबले २६६ रनको लक्ष्य ४४ ओभरमा पूरा गर्‍यो ।

पुलिसको जितमा आजपनि दिनेश खरेलको अलराउन्ड प्रदर्शन रह्‍यो। पहिलो जितमा पनि शानदार प्रदर्शन गरेका दिनेशले आजको खेलमा पनि त्यही लयलाई निरन्तरता दिए । उनीसँगै ओपनिङमा आएका शंकर रानाको प्रदर्शन अझ विशेष रह्‍यो। किनभने उनले पुलिसको जितमा शतक प्रहार गरे ।

मिडल अर्डरमा खेल्ने शंकर आजको खेलमा ओपनिङमा पठाइएका थिए। फरक भूमिकामा दिइएको उक्त जिम्मेवारी पूरा गर्दै उनले दिनेशसँग मिलेर संयमित सुरुवात गर्दै इनिङ ठूलो बनाए र म्याच विनिङ शतक प्रहार गरे । खेलपछि कुरा गर्दै उनले दिइएको भूमिका अनि खेलको परिस्थिति अनुसार आफूले योगदान दिएको उल्लेख गरे ।

'अब टिमको आवश्यकता अनुसार कहिले माथि कहिले तल खेल्नुपर्ने हुन्छ । मुख्य कुरा कन्फिडेन्स हो, आफैंमा विश्वास राखेको थिएँ' शंकरले भने ।


# बाल अधिकारका लागि राज्य-नागरिक सहकार्य अपरिहार्य : उपसचिव रंजिता साह

**ओ पी साह**
**जनकपुरधाम, १२ चैत्र**



बाल अधिकारको संरक्षण, प्रवर्द्धन तथा सुदृढीकरण गर्ने उद्देश्यले सञ्चालन गरिएको "नागरिक समाज सबलीकरण परियोजना" सम्बन्धी परिचयात्मक तथा अन्तरक्रिया कार्यक्रम बिहीबार जनकपुरधाममा सम्पन्न भएको छ। कार्यक्रममा बाल अधिकारको वर्तमान अवस्था, चुनौती तथा सुधारका सम्भावनाबारे विस्तृत छलफल गरिएको थियो।सबल नेपाल को आयोजनामा तथा नागरिक समाज सबलीकरण परियोजनाको सहयोगमा आयोजित कार्यक्रममा प्रमुख अतिथि प्रदेश नीति तथा योजना आयोगकी उपसचिव रंजिता साह ले बालबालिकाको हक-अधिकार सुनिश्चित गर्न राज्य र नागरिक समाजबीच सशक्त सहकार्य आवश्यक रहेको बताइन्। उनले भनिन्, "बाल अधिकार केवल कानुनी व्यवस्था मात्र होइन, यसको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला पक्षको सक्रिय भूमिका जरुरी हुन्छ।"

उनले यस्ता परियोजनाहरूले नीति निर्माणदेखि कार्यान्वयन तहसम्म सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्दै स्थानीय तहमा बालमैत्री योजना निर्माण, निगरानी र मूल्याङ्कनमा नागरिक समाजको सहभागिता अझै मजबुत बनाउनुपर्नेमा जोड दिइन्। कार्यक्रममा सहभागीहरूले बाल अधिकार संरक्षणका क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू—बालश्रम, बालविवाह, शिक्षा पहुँचको अभाव तथा हिंसाजन्य घटनाहरू—बारे चर्चा गर्दै समाधानका उपायहरू प्रस्तुत गरेका थिए। साथै, समुदायस्तरमै जनचेतना अभिवृद्धि, अभिभावक तथा सरोकारवालाको क्षमता विकास, र बालमैत्री वातावरण निर्माण मार्फत बाल अधिकार उल्लंघन न्यूनीकरण गर्न सकिने धारणा व्यक्त गरिएको थियो।कार्यक्रममा वन तथा वातावरण मन्त्रालयका वन अधिकृत राम युगल साह, प्रदेश समन्वय अधिकृत संजिव महतो, वरिष्ठ महिला विकास अधिकृत निर्मला मिश्र, महिला विकास अधिकृत दीपिका कर्ण, इन्सेक का प्रदेश संयोजक राजु पासवान तथा नील हिरा समाज का प्रतिनिधि प्रदीप कुमार यादवलगायत विभिन्न निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।आयोजकका अनुसार उक्त परियोजनामार्फत स्थानीय तहमा बाल अधिकार सम्बन्धी सचेतना विस्तार, सरोकारवाला बीच समन्वय अभिवृद्धि तथा दीगो रूपमा बालमैत्री समाज निर्माणमा टेवा पुग्ने अपेक्षा गरिएको हो।



अनुरोधकर्ता
जलेश्वर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# दुई दशकको राजनीतिक जडता र परिवर्तनको मार्ग



-राष्ट्रिय स्वतन्त्र पार्टीको ऐतिहासिक विजयले नेपालको राजनीतिक परिदृश्यमा नयाँ आशा र परिवर्तनको संकेत दिएको छ। रास्वपाले सुशासन, सेवा प्रवाह सुधार र समावेशी विकासमा ठोस परिणाम दिन सकेमा मात्र दीर्घकालीन रूपमा स्थापित हुन सक्छ। सन्तुलित नेतृत्व, संरचनागत सुधार र समावेशी नीति अपनाउन सकेमा यो सरकार नेपालको लोकतान्त्रिक यात्रामा नयाँ अध्यायको सुरुवात बन्न सक्छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्रीको शपथ लिने तयारीमा छन्। २०८२ फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले हासिल गरेको अभूतपूर्व सफलता अहिले राजनीतिक विश्लेषणको प्रमुख विषय बनेको छ। चुनावी परिणामलाई विभिन्न कोणबाट व्याख्या गर्ने प्रयास भइरहेका छन् तर मतदाताको दृष्टिकोणबाट हेर्दा यसको अर्थ त्यति जटिल छैन। यस लेखमा नेपालमा हाल विकसित राजनीतिक परिवेश, रास्वपाको अपेक्षित भूमिका, उसले सामना गर्नुपर्ने चुनौतीहरू तथा आगामी राजनीतिक दिशाबारे चर्चा गरिएको छ।

नेपालमा पछिल्ला दुई दशकदेखि अस्थिरता, त्रिशंकु संसद्, भागबन्डाको राजनीति र कमजोर शासन प्रणालीले राज्यका संस्थाहरूलाई क्रमशः कमजोर बनाउँदै आएको थियो। प्रशासनिक सुधार, नीतिगत निरन्तरता र विकास निर्माणमा उल्लेखनीय प्रगति हुन सकेन। शासन केही सीमित राजनीतिक समूहमा केन्द्रित रह्यो, जसले आफूलाई 'विकल्पहीन' रूपमा प्रस्तुत गरे। सत्ता प्राप्तिका लागि प्रतिस्पर्धा भए पनि नयाँ नेतृत्वलाई उदय हुन नदिने विषयमा उनीहरूबीच अप्रत्यक्ष सहमति देखिन्थ्यो। २०७९ को निर्वाचनमा रवि लामिछाने नेतृत्वको रास्वपाले वैकल्पिक शक्ति प्रस्तुत गरे पनि स्थापित दलहरूले त्यसलाई आत्मसात् गर्नेभन्दा पनि कमजोर पार्ने रणनीति अपनाए। जेन-जी विद्रोह र नयाँ राजनीतिक मोडः २०७२ को संविधानले लामो राजनीतिक संक्रमण अन्त्य गर्दै स्थायित्व, विकास र समृद्धिको नयाँ आशा जगाएको थियो। तर, व्यवहारमा त्यो अपेक्षा पूरा हुन सकेन। संरचनागत सुधार, सुशासन र आर्थिक रूपान्तरणमा केन्द्रित हुनुपर्ने राज्य संयन्त्र सत्ता-समीकरण, दलगत भागबन्डा र अल्पकालीन राजनीतिक स्वार्थमा अल्झिरह्यो। सार्वजनिक सेवा प्रवाहमा ढिलासुस्ती, व्यापक भ्रष्टाचार तथा उच्च तहसम्म फैलिएको दण्डहीनताले आमनागरिकमा गहिरो निराशा पैदा गर्‍यो। रास्वपाको उदय केवल सत्ता परिवर्तन होइन, राजनीतिक संस्कार परिवर्तनको संकेत पनि हो। तर, जनताको विश्वास कायम राख्न अनि दीर्घकालीन रूपमा स्थापित हुन रास्वपाले सुशासन, सेवा प्रवाह सुधार र समावेशी विकासमा स्पष्ट परिणाम दिनुपर्नेछ।

यसै पृष्ठभूमिमा सामाजिक सञ्जाल असन्तुष्टि व्यक्त गर्ने प्रमुख माध्यम बनेको थियो। तर, सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धले स्थिति झन् विस्फोटक बनायो। 'जेन-जी विद्रोह' का रूपमा परिचित आन्दोलनले युवाहरूको दबिएको असन्तुष्टि सडकमा ल्यायो। भाद्र २३ गतेको प्रदर्शनका क्रममा १९ युवाको मृत्यु हुनु राज्य-नागरिक सम्बन्धमा गम्भीर संकटको संकेत थियो। त्यसको भोलिपल्ट- भदौ २४ मा नेतृत्वविहीन र अनियन्त्रित भीडले हिंसात्मक रूप लिँदा देशका विभिन्न स्थानमा व्यापक जनधनको क्षति भयो। अन्ततः सेना परिचालन गरेर मात्रै अवस्था नियन्त्रणमा ल्याउन सकियो। यस घटनाक्रमले राज्यप्रतिको जनविश्वासमा गहिरो धक्का पुर्‍यायो र स्थापित राजनीतिक शक्तिहरूको वैधतामाथि प्रश्न उठायो। यही असन्तुष्टिको लहरमा गठन भएको नागरिक सरकारले प्रतिनिधिसभा विघटन गर्दै नयाँ निर्वाचन घोषणा गर्‍यो, जसले वर्तमान राजनीतिक परिवर्तनको आधार तयार गर्‍यो। यसबीच रवि लामिछाने र बालेन्द्र शाहबीचको सम्भावित सहकार्यले मतदातामा विश्वासयोग्य विकल्पको अनुभूति गरायो। रवि लामिछानेको संगठनात्मक क्षमता र बालेन्द्रको युवामाझ लोकप्रिय करिश्माले रास्वपालाई व्यापक जनसमर्थन दिलायो। ठूलो जित, ठूलो जिम्मेवारी, प्राथमिक चुनौतीहरू : रास्वपाले झन्डै दुईतिहाइ बहुमत हासिल गर्दै स्थिर सरकारको आशा जगाएको छ। तर, यस्तो विजयसँगै ठूलो जिम्मेवारी पनि आउँछ। राजनीतिक 'सिन्डिकेट' तोड्नु महत्त्वपूर्ण उपलब्धि हो तर शक्ति अत्यधिक केन्द्रित हुँदा गलत निर्णयको जोखिम पनि उत्तिकै हुन्छ। जनताको अपेक्षा उच्च छ तर धैर्य सीमित। सरकारले छिटो र प्रभावकारी परिणाम दिन नसकेमा आशा छिट्टै निराशामा बदलिन सक्छ। त्यसैले अल्पकालीन लोकप्रिय कार्यक्रम भन्दा दीर्घकालीन संरचनात्मक सुधारमा ध्यान दिनु आवश्यक देखिन्छ।

**सांभार : कान्तिपुर।**





**अनुरोधकर्ता**
**महोत्तरी गाउंपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**




**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"**



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




**अनुरोधकर्ता**
**पिपरा गाउंपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday